# वार्षिक निति तथा कार्यक्रम

## आ.व. २०८०/८१

रामारोशन गाउँपालिका

अछाम

गाउँसभाका अध्यक्ष ज्यू,

सभामा उपस्थित सम्पुर्ण गाउँसभा सदस्य ज्यूहरु।

इतिहासका विभिन्न कालखण्डामा भएका लोकतन्त्र र अग्रगमनका पक्षमा भएका क्रान्ति, आन्दोलन र १० वर्षे महान जनयुद्धमा सहादत्त प्राप्त गर्ने महान विर सहिद हरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै राष्ट्रनिर्माणको लागी उहाँहरुले गर्नु भएको योगदानको स्मरण र उच्च प्रशंशा गर्न चाहन्छु । २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, २०५२ सालको महान जनयुद्ध तथा २०६२/६३ को जन आन्दोलनमा ज्यानको आहुति दिने विर सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, उक्त आन्दोलन तथा युद्धहरुमा घाइते तथा अंग भंग हुने घाइते योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु र वेपत्ता योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । महान जनयुद्ध लगायत तमाम मुक्ति संघर्षमा आफ्ना आफन्त गुमाउने सहित तथा वेपत्ता परिवारप्रति उच्च सम्मान प्रकट गर्दछु ।

विगतको एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाको विरुद्धको जनसंघर्ष पश्चात स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालमा हाल संघ, प्रदेश र स्थानीय तहहरु आ आफ्नो क्षत्राधिकार भित्र रहि काम गरि जनआकांक्षाको संवोधनको प्रयास हुदै आएको छ । सरकारको काम र जनताको अपेक्षा विचको तादम्यता नमिली जनगुनाशो व्यापक वढ्दै गएको स्थितिमा संघीय र प्रादेशिक बजेटहरु प्रस्तुत भइसके पश्चात स्थानीय तहहरु बजेट प्रस्तुत गरिरहेका छन । विकास र समृद्धि एवं सुशासनको जनताको उत्कट चाहना एकातिर छ भने राष्ट्रव्यापी रुपमा आर्थिक समस्या, अनेक वेथिति र गाउँपालिकाको आफ्नो आयस्रोत बनाइनसकेको तर संघीय र प्रादेशिक अनुदान घट्दै गइरहरहेको स्थितिमा हामी यो निति तथा कार्यक्रम प्रस्तुत गर्दैछौ ।

गाउँपालिका स्थापना भए पश्चात दुरगामी महत्वको जयगढ रामारोशन सडकखण्ड निर्माण सम्पन्न हुन सकेको छैन र तत्काल सम्पन्न हुने वलियो आधार समेत छैन । पालिकाको केन्द्रदेखि वडाको केन्द्रसम्म जोड्ने सडकहरुको ट्र्याक खोल्ने काम सम्पन्न भएको छ भने गाउँपालिकाको मध्य पहाडी विन्दु जोड्दै जानै रामारोशन रिंगरोडको अधिकांश भाग ट्र्याक खोलिएको छ । गुणस्तरिय शिक्षालाई सुनिश्चित गर्न विद्यालयमा हुने जनशक्तिको अभावलाई मेटाउन गाउँपालिका अनुदान शिक्षक कोटा स्थापना गरि विद्यालयमा जनशक्ति अभाव हुन दिइएको छैन । पुर्ण खोप सुनिश्चितता, शुन्य होम डेलिभरि लगायत स्वास्थ्य क्षेत्रमा ४ वटा वडामा ५ वटा सामुदायिक स्वास्थ्य इकाई स्थापना भइ कार्यान्वयनमा छन भने ४ वटा स्वास्थ्य चौकिमा ल्याव सेवा विस्तार गरिएको छ ।

उल्लिखित परिवेश र उपलब्धिको जगमा टेकेर रामारोशन गाउँपालिकामा गुणस्तरिय शिक्षा र स्वास्थ्य कायम गर्नु, कृषि र पशुपालनमा आधुनिकिकरण र व्यवशायिकरण तथा पर्यटनलाई आयस्रोतको रुपमा स्थापित गर्नु नै हाम्रो प्राथमिकता र तुलनात्मक लाभका क्षेत्रहरु हुन ।

तमाम अभाव र आकांक्षा, अवसर र सम्भावनका विच रामारोशन गाउँपालिकाको आगामी आर्थिक वर्षको निति तथा कार्यक्रम विषय क्षेत्रगत रुपमा सम्मानित गाउँ सभामा पेस गर्ने अनुमति चाहन्छु ।

**<u>सामाजिक विकास तर्फः</u>**

"परिस्कृत जिवनको आधारः सामाजिक विकास"

**क) स्वास्थ्य**

१ सवैका लागी स्वास्थ्य, स्वास्थ्यका लागी सवै,, आदर्शलाइ कार्यान्वयन गरीने छ ।

२ जनताले पाउनुपर्ने गुणस्तरिय आधारभुत स्वास्थ्य सेवालाई मध्यनजर गर्दै स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाईको भौतिक संरचनाको गुणस्तर सुधार गरिनेछ।

३ स्वास्थ्य विमा कार्यक्रम लाई ब्यवस्थित बनाई निरन्तरता दिइने छ।

४ रामारोशन गाउँपालिकाका जनताले घर दैलोमा निःशुल्क स्वास्थ्य सेवाको अनुभुति गराउन ७ वटै वडाको स्वास्थ्य संस्थाहरुको सेवा व्यवस्थापन गर्न गाउँपालिका तत्पर रहनुका साथै प्रति संस्था अनुदान रकम उपलब्ध गराइने छ । साथै स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड पालना गर्न गुणस्तरीय सेवा दिन स्वास्थ्य संस्थाको लागी आवश्यक व्यवस्थापनको कार्यलाइ निरन्तरता दिइने छ ।

५ गुणस्तरीय औषधीमा जनताको पहुँच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको प्रयाप्त उपलब्धता गराई स्वास्थ्य सेवा प्रभावकारी र जनमुखी बनाउनुका साथै आवश्यकता अनुसार विशेषज्ञ सहितको शिविरहरु सञ्चालन गरिने छ ।

६ मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगति भएता पनि भौगोलिक विकट्ता र आर्थिक विपन्नता भएका ठाउँमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमाकमि ल्याउन महिलाहरुको प्रजनन् स्वास्थ्य, सामुदायीक प्रसुति केन्द्रको विस्तार, गुणस्तरीय प्रसुती सेवा, सामुदायमा आधारित नवजात शिशु सेवाद्वारा मृत्युदर घटाउन दक्ष जनशक्ति बनाउन तिब्र गतिमा पालिका स्तरबाट व्यवस्थापन गरिने छ ।

७ समनता, जवफदेहिता, जनसहभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि 'सबैका लागि स्वास्थ्य' र 'सबै स्वास्थ्यका लागि' अभियान अघि बढाउन गाउँपालिका प्रयत्नशिल रहनुका साथै स्वास्थ्यका सामाजिक कारक तत्वहरुका महत्त्वलाई आत्मासात गर्दै अन्य सामाजिक नितिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्वित गराउन 'स्वास्थ्य सबै नितिहरुमा' स्थापित गरिने छ ।

८ परिवार स्वास्थ्य लागायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा कार्यन्वयन गर्न' प्रत्यक स्वास्थ्य संस्थामा नर्स हरु परिचालन गरी कार्यक्रम' सञ्चालन गरिने छ ।

९ युवा तथा किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारणलाई सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रमसँग सामायोजन गराइने छ ।

१० प्रजनन् स्वास्थ्यसँग सम्बन्धित हरेक पक्षको उत्थान, समस्या समाधान, सेवा विस्तार र गुणस्तरता अनुगमन अभियानलाई अगाडी बढाउन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम मार्फत समबोधन गरिने छ ।

११ महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोक तान्त्रिक परिवर्तनका लागि भएको १० बर्षे जनयुद्ध, सबै जनआन्दोलन र क्रान्तिका क्रममा जिवन उत्सर्ग गर्ने शहिद परिवार, द्वन्द्ध पिडित र घाइतेहरुको संविधान प्रदत्त अधिकार स्वास्थ्य सेवामा प्रत्याभुत गरिनेछ । सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न शारिरीक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।

१२ उपचार सेवालाई व्यवस्थित बनाउन समुदायका स्वास्थ्य संस्थादेखि अति विशिष्ट सेवा प्रदायक संस्थाहरु सम्म प्रभावकारी दोहोरो प्रेषण प्रणालीको व्यवस्था गरिनेछ ।

१३ आधारभुत स्वास्थ्य सेवा गाउँपालिकाले निःशुल्क उपलब्ध गराइने र यसका लागि सरकारी (संघीय, प्रदेश र स्थानीय) लगायतका विभिन्न स्रोतबाट वित्तीय व्यवस्थापन गर्न स्थानीय सरकार (गाउँपालिका) बाट न्युन्तम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गर्ने गरेकोमा यसलाई बृद्धि गरी १५ प्रतिशत पुर्याइने छ ।

१४ स्थानिय तहमा कम्तिमा १५ सैयाको रामारोशन अस्पताल स्थापना कार्य प्रराम्भ गरिने छ । यसको लागी संघ र प्रदेश सरकार संघ समन्वय गरीने छ ।

१५ रामारोशन गाउँपालिकाको स्वास्थ्य चौकीहरुको क्रमशः स्तर उन्नती गरी कम्तीमा एउटा स्वास्थ्य संस्थामा गरिने छ।

१६ गाउँपालिकाका सबै जनताको समयमै रोग निदानको लागि स्वास्थ्य संस्था स्तरमा प्रयोगशाला र एक्सरे सेवालाई विस्तार गरिने छ ।

१७ लैङ्गिक हिंसा पिडितहरुको उपचार मनोसामाजिक परामर्स को व्यवस्थापन तथा प्रेषण प्रणालीको व्यवस्थापन गरीने छ ।

१८ एक द्वार संकट व्यवसथापन केन्द्रमा प्रेषणको व्यवस्था गरिने छ ।

१९ नेपालको संविधान २०७२ को मर्म अनुसार बालबालिकाको अधिकार सुनिश्चत गर्न गुणस्तरिय खोप सेवा तथा पुर्ण खोप शुनिश्चितता गर्न बाह्यय खोप केन्द्र भवन निर्माणमा जोड दिइने छ ।

२० यौन रोग तथा एच आई भी एड्स लाई व्यवस्थापन गर्न ART वितरण केन्द्र स्थापना तथा सुचीकृत गर्न जोड दिइने छ । साथै सुरक्षीत गर्भपतन सेवा शान्तडा र भाटाकाटिया स्वास्थ्य संस्थामा निरन्तरता र ब्यव्थित गरिनेछ।

२१ पूर्ण संस्थागत सुत्केरी (Zero Home Delivery) कार्यक्रम सम्पुर्ण वडामा लागु गरि स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने महिलालाई पालिका स्तरबाट निःशुल्क भिडियो एक्सरे र सबै स्वास्थ्य संस्थामा 'सुत्केरी कक्ष को मर्मत सम्मार गर्नुको साथै आवश गृह' व्यवस्थापन गरिने छ ।

२२ गाउँपालिकालाई पूर्णपोषण युक्त गाउँपालिकाघोषणको लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रम मार्फत सम्बोधन गरिनेछ।

२३ गाउँपालिकामा विशेष गरेर जेष्ठ नागरिक संग सम्बन्धित सेवा, सवालहरु, नसर्ने रोगहरुको पहिचान र उपचार, अखाद्य बस्तुको कडा नियमन, मदिरा र सुर्तीजन्य पदार्थको नियमन तथा कारबाही आदि जस्ता अभिभावकत्व सँग सम्बन्धित गतिविधिहरु सरकार प्रमुख सँग अभिभावक कार्यक्रम सञ्चालन गरी सम्बोधन गरिने छ ।

२४ स्वास्थ्य संस्थाहरुको सरसफाई स्वच्छता कायम गर्नका लागि अध्यक्ष सरसफाई तथा स्वच्छता कार्यक्रमबाट सम्बोधन गरिने छ

२५ स्वास्थ्य संस्थाको सेवामा निरन्तरता दिन वालमृत्यु दर ,नवशिशु मृत्यु दरमा , शुन्य होम डेलिभरी कार्यक्रम र आमा समुहमा जनचेतना जगाउन सेवारत म स्वा स्वयं सेवक लाइ प्रोत्साहन स्वरुप वजेटकव व्यवस्थापन गरीएको छ।

२६ सामुदायिक स्वास्थ्य कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

२७ वयलपाटा अस्पताललाइ अनुदान रकम उपलव्ध गरीने छ ।

२८ आगामि ४ बर्ष भित्र पालिकालाई पोषण युक्त पालिकाको रुपमा सुनिस्चितता र घोषणा गर्न कार्यक्रमहरु संचालन गरिनेछ

२९ "एक घर एक करेसाबारी बारहै महिना हरियो तरकारी" अभियानसंचालन गरिनेछ ।

३० यस गाउँपालिकामा महिला किशोरी र बालिबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न आवश्यक रकम समपुरक कोषको व्यवस्था गरिनेछ ।

३१ बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानिय शासन (NFLG)अबलम्बन गर्न पोषण मैत्री वार्ड घोषणका लागि विशेष अभियान सञ्चालन गरि वडा घोषणा अभियानलाई विशेष प्राथमिकतामा राखी कार्य गरिनेछ । आर्थिक बर्ष २०८०।०८१ मा २ नं. वडा लाई पोषण मैत्री घोषणा गरिने छ ।

३२ यस रामारोशन गाउपालिका अन्तरगत का सम्पुर्ण गर्भवति आमा हरुलाइ मध्यनजर गर उपाध्यक्ष कोशेली कार्यक्रम लाइ निरन्तरता दिइने छ ।

३३ नेपालका महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारकको प्राथमिकतामा रहेको बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ । सोही अनुरुप आ.ब. २०८०।०८१ का लागि नेपाल सरकारबाट प्राप्त हुने रकम र यस गाउँपालिकाले छुट्याइको समपुरक रकम समेतलाई क्षेत्रगत विनियोजन गरी पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ ।

३४ बहु क्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उप्लब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा साझेदार निकायहरु सँग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिने छ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै बाल पोषण अनुदान खोप कार्यक्रम , बाल मैत्री स्थानिय शासनमा समेत बहुक्षेत्रिय पोषण योजनालाई समेत समाबेश गर्दै लगिनेछ ।

३५ बहुक्षेत्रीय पोषण योजना दोस्रो कार्यन्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा समिति सबै वडाहरुमा गठन गरि बहुक्षेत्रीय पोषण योजनालाई मुल प्रबाहीकरण गरिने छ ।

३६ पोषण लक्षित अनुगमन तथा मुल्याङ्कनको प्ररुप सहित स्थानिय योजना प्रक्रिया र योजनाहरुमा पोषणलाई समहित गरिनेछ ।

३७ हालै सम्पन्न विश्व व्यापी एवम् नेपालको प्रमाण पत्र समिक्षा भएको आधारमा आमाहरुमा कुपोषण र बालबालिकाहरुमा पुड्कोपनको प्रवृतीमा कमी ल्याउन हाल उपलब्ध गराउँदै आएको बाल नगद अनुदानका साथै बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गराएमा मात्र वाल पोषण भता वितरण गरीने व्यवस्था गरीने छ ।

३८ समाजमा विद्यामान कुरिती जस्तै छाउपडी कुप्रथा, बाल विवाह, बहुविवहा र छुवाछुत जस्ता कुसंस्कार विकृती अन्त्यका लागि गाउँपालिकाको ऐन तथा निती नियमहरु कार्यन्वयन गरिनेछ ।

३९ सबै क्षेत्रमा बुहक्षेत्रिय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यन्वयन तथा अनुगमन सुशासन र पारदर्शिताको सुनिश्चित्ता गरिनेछ ।

ख) **शिक्षा युवा तथा खेलकुद**

४० गुणस्तरीय शिक्षाको लागि शिक्षण संस्था छान्नु पर्ने स्थितिको अन्त्यको लागी सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइनेछ र उपयुक्त शैक्षिक वातावरण निर्माणका लागी विद्यालयमा विद्यमान असमानता न्युनिकरणका लागी आवश्यक व्यवस्था गरिनेछ ।

४१ विद्यालय शिक्षाको आधारभूत तहको लागि स्थानीय परिवेशमा आधारित सीप कला प्रविधि कृषि पेशा व्यवसाय आदि सँग सम्बन्धित गरेर स्थानीय मातृभाषाको पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

४२ प्राविधिक एंवम व्यावसायिक शिक्षाको माध्यमबाट सीप युक्त जनशक्तिको विकासका लागी प्राविधिक विद्यालयलाइ दिइने अनुदानलाइ निरन्तरता दिइनेछ ।

४३ पेसागत रुपले दक्ष, स्वप्रेरित, उत्तरदायी शिक्षकसँग विद्यार्थीले सिक्न पाउने हक सबै शैक्षिक संस्थामा सुनिश्चित गरिनेछ।

४४ शिक्षकका सेवा तथा सुविधामा असमानता भएकाले संघ, प्रदेश र स्थानीय तहका दरबन्दीमा कार्यरत शिक्षक कर्मचारीहरुलाको सेवा सुविधामा समानता कायमको लागी पहल गरिनेछ।

४५ प्राविधिक एंवम व्यावसायिक शिक्षाको माध्यमबाट सीप युक्त जनशक्तिको विकास हुनेछ। उत्पादित जनशक्तिको ७०% भन्दा बढी प्राविधिक व्यासायिक सिप सहितको तत्काल रोजगार बन् सक्ने जनशक्ति हुनेछ।

४६ पेसागत रुपले दक्ष,  स्व प्रेरित, उत्तरदायी शिक्षकसँग विद्यार्थीले सिक्न पाउने हक सबै शैक्षिक संस्थामा सुनिश्चित गरिनेछ।

४७ परिभाषित गुणस्तरको न्यनतम मापदण्ड अनुसारको शैक्षिक पूर्वाधार सहित सिकाइ वातावरण सिर्जना गरिनेछ। बुक कर्नर, पुस्तकालय, विज्ञान प्रयोग शाला , ict ल्याव सहित प्रत्येक मा वि मा हुनेछ र आधारभूत तहमा बालमैत्री सिकाइको लागि न्यूनतम सर्त पुरा हुनेछन ।

४८ अनौपचारिक तथा खुला दुर शिक्षा र विशेष शिक्षालाइ सुव्यवस्थित गरिनेछ । परम्परागत सिप र शिक्षालाइ अनौपचारिक एंवम वैकल्पिक शिक्षाको रुपमा विकास गरिने छ।

४९ रामारोशन गाउँपालिकामा उच्च शिक्षा सञ्चालनको लागि सम्बन्धित निकायमा पहल गरी गाउँपालिका भित्र उच्च शिक्षा सञ्चालन गरिने छ र सबैको सहज पहुँच र सहभागिता सुनिश्चित गरिनेछ निश्चित मापदण्का आधारमा अध्ययनको लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

५० शिक्षण सिकाइको प्रभावकारीताका लागि प्रधानाध्यपको सबल नेतृत्व हुने गरी स्थापित गरिनेछ । प्रधाना ध्यापक शिक्षक कर्मचारीको जवाफदेही स्पष्ट हुनेगरी कार्यसम्पादन करार गरिनेछ र उत्कृष्ट शिक्षक ,विद्यार्थी, अभिभावक,वि.व्य.स. पदाधिकारी ,टुहुरा ,जनजाती र दलित बालबालिकालाई पुरुस्कारको व्यवस्था गरिने छ।

५१ नक्साङ्कन, विद्यार्थी शिक्षक अनुपातको आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गरिनेछ।

५२ मेघा विद्यालको स्थापना सम्बन्धि सम्भाव्यता अध्ययन गरिनेछ ।

५३ अनुगमन तथा नियमन विज्ञ संलग्न समुहबाट विषयगत सुपरिवेक्षण र पृष्ठपोषणलाइ प्रभावाकरी एंवम परिणाम मुखी बनाइनेछ । शिक्षण सिकाइमा सहजीकरण र पुनर्ताजकीकरण र निरन्तरता दिइनेछ। यस्को लागि कार्यविधि निर्माण गरिनेछ।

५४ स्थानीय बजेटको क्रमशः वृद्धि गर्दै न्यूनतम २०% शिक्षा क्षेत्रको लागि बजेट विनियोजित गरिनेछ।

५५ स्थानीय शिक्षा कोषको व्यवस्था गरी कोष परिचालनको कार्यविधि निर्माण गरिनेछ।

५६ स्थानीय पाठ्यक्रम, स्थानीय दरबन्दी, गुणस्तर विकास, संस्थागत क्षमता अभिवृद्धि, शिक्षक तालिम सुपरीवेक्षण लगायतका क्षेत्रमा कोषको समुचित विकास गरी प्रयोग गरिने छ ।

५७ कक्षा १-९ वार्षिक परीक्षा गा पा स्तरीय हुने छ ।आधारभूत तह कक्षा ८ को अन्त्यमा स्तरीकृत परीक्षा प्रणालीको व्यवस्था गरिनेछ र कुनै पनि विद्यालयले परीक्षा शुल्क लिन नपाईने नीति बनाईने छ ।

५८ प्रत्येक विद्यालयमा  शुद्ध पिउने पानी, उपयुक्त शौचालय, हरियाली बगैंचा , खेलकुद, स्वस्थ वातावरण निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

५९ विद्यालय हातामा जंकफुड लगायतका स्वास्थ्य लाइ हानी गर्ने वस्तुको प्रयोगमा रोक लगाइनेछ।

६० पुस्तकालय,वाचनालय तथा सामुदायिक सिकाइ केन्द्रको निरन्तर स्तरोन्नति गरिनेछ।

६१ शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग तथा व्यवस्थापन प्रणालीको प्रभावकारी प्रयोग गरिने छ।

६२ शैक्षिक क्षेत्रलाइ शान्ति क्षेत्रको रुपमा सर्व स्वीकार्य गराइनेछ।

६३ संघीय शिक्षा ऐनसँग नबाझिने गरी शिक्षाको गुणस्तरमा सुधार गर्ने पालिका अन्तर र अन्य पालिकाको सहमतिमा अन्तरपालिक शिक्षक सरुवा गरिनेछ । सो नीतिलाई पूर्णता दिन कार्यपालिकाबाट शिक्षक सरुवा कार्यविधि जारी गरिनेछ।

६४ क्यास मोडेलमा गाउँपालिकाबाट कार्यान्वयन हुने दिवाखाजा कार्यक्रमलाई मध्येनजर गर्दै रामारोशन गा पा का प्रत्येक विद्यालयहरुमा एक विद्यालय एक करेसाबारि कार्यक्रम लागु गरिने छ ।

६५ विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि वि.व्य.स. पदाधिकारी र अभिभावक प्रशिक्षण कार्यक्रम सञ्चालन गरि एक वडा एक नमुना विद्यालय स्थापनाको अवधारणा यसै आवमा कार्यान्वयन गरिने छ।

६६ पालिका भित्रका खेलाडी प्रतिभा पहिचान गरि प्रस्फुटन गर्ने निति लिइनेछ र पालिका स्तरिय खेलकुद समिति गठन गरि  प्रभावकारी रुपमा खेलकुद प्रतियोगिताहरु सन्चालन गरिनेछ ।

**ग) सामाजिक समावेशिकरण**

६७ उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ र लैङ्गिक हिंसा निवारण कोषलाई  निरन्तरता दिइनेछ ।

६८ जिविकोपार्जन तथा शसक्तिकरणका विभिन्न क्रियाकलापमा संलग्न हुन महिला समुह गठन तथा परिचालन गरिनुका साथै महिला केन्द्रित सिपमुलक कार्यक्रमलाई जोड दिइनेछ ।

६९ लैङ्गिक हिंसा निवारणमा न्यायिक समितिको क्षमता अभिबृद्धी गर्दै लैङ्गिक हिंसाप्रति शुन्य सहनशिलताको नीति लिइनेछ ।साथै विपन्न तथा एकल महिला लक्षित कार्यक्रममा जोड दिइनेछ ।

७० दलित समुदायका परम्परागत पेसालाई व्यवसायिकरण गरिनुका साथै जातिय छुवाछुत लगायत सबै खाले विभेदिकरणको अन्त्यका लागी विशेष कार्यक्रम संचालन गरिनेछ ।

७१ बालविवाह न्युनिकरणका गर्न अभियान  संचालनका साथै बालक्लव गठन संचालन नियमन गरि बालबालिकाको हकहितको पक्षमा कार्य गर्ने नीति अबलम्वन गरिनेछ ।

७२ न्युन आय भएका विपन्न वर्ग दलित तथा जनजातिको लागी जिविकोपार्जनमा सहयोग गरी आत्मनिर्भर बन्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

७३ जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अभिभावक विहिन बालबालिका लक्षित कार्यक्रममा जोड दिईनेछ ।

७४ लोपोन्मुख जाती तथा जनजाती एवं सिमान्तकृत समुदायको संरक्षणको लागी विशेष व्यवस्था गरिनेछ ।

७५ महिलालाई सशक्तिकरण गरी जिविकोपार्जन सुधार र आत्मनिर्भर बनाउन उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । लैङ्गिक समानता र महिला सशक्तिकरणको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

७६ हिंसापीडित महिलालाई तत्काल राहत तथा संरक्षणका लागी लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ ।

७७ जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र अभिभावक विहिन बालबालिका लक्षित कार्यक्रममा जोड दिईनेछ ।

७८ महिला तथा किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र शोषणअन्त्य गर्नका लागी लैङ्गिक हिंसा न्युनिकरणमा न्यायिक समितिको क्षमता अभिबृद्धी गर्दै लैङ्गिक हिंसाप्रति शुन्य सहनशिलताको निति लिइनेछ ।

७९ विपन्न तथा एकल महिला लक्षित कार्यक्रममा जोड दिइनेछ, साथै महिला केन्द्रित सिपमुलक कार्यक्रमलाई जोड दिइनेछ ।

८० जिविकोपार्जन तथा सशक्तिकरणका विभिन्न क्रियाकलाप संलग्न हुन महिला समुह गठन तथा परिचालन गर्न महिला लक्षित कार्यक्रम संचालन गरिनेछ ।

८१ दलित समुदायका परम्परागत पेशालाई व्यवसायिकरण गरिनुका साथै जातिय छुवाछुत लगायत सबै खाले विभेदिकरणको अन्त्यका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

८२ बालअधिकार समिति गठन, बालक्लव गठन, संचालन र नियमन गरि बालबालिकाको हकहित तथा संरक्षणको पक्षमा कार्य गर्ने नीति अबलम्बन गरिनेछ ।

८३ अनाथ, असहाय, टुहुरा, अपाङ्गगता भएका हिंसापिडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापनाको लागी बाल संरक्षण कोष स्थापना गरिनेछ ।

८४ गरिब तथा विपन्न, दलित, आदिवासी जनजाति, एकल तथा अपाङगता भएका, हिंसापीडित, एचआइभी संक्रमित र पिछडीएका समुदायका महिला र किशोरीको आयआर्जन क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक तथा सामाजिक विकासका कार्यक्रम संचालन गरिनेछ ।

८५ आदिवासी जनजाती समुदायको भाषा र मौलिक कला-संस्कृतिको जगर्ना गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

८६ बालविवाह, लैङ्गिक हिंसा, समाजिक कुरीति, छाउपडी बोक्सी लगायत अन्धविश्वास विरुद्ध जागरण अभियान संचालन गरिनेछ ।

८७ लागुपदार्थ दुर्व्यसनी, घरेलु हिंसा, मानव बेचविखन तथा ओसारपसार जस्ता गतिविधिको नियन्त्रण तथा जोखिम न्यनिकरण गर्न जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

८८ किशोरीहरुको भविष्य छनौट तथा सकारात्मक सोच र आत्मरक्षा सम्बन्धी  किशोरकिशोरी लक्षित कार्यक्रम संचालनमा जोड दिइनेछ ।

८९ दलित समुदायको शशक्तिकरण, जिविकोपार्जन, क्षमता तथा नेतृत्व विकास एवं आत्मनिर्भरताको लागी आवश्यक कार्यक्रम सन्चालन गरिनेछ ।

### घ) **खानेपानी सरसफाइ तथा स्वच्छता**

९० रामारोशन गाउँपालिका का  सात वटै वडाहरुका जनताहरुलाई पानि नै जिवन हो भन्ने मुल मन्त्रका साथ आधारभुत  स्तरको खानेपानि सेवा उपलब्ध गराईने  छ।

९१ रामारोशन गाउँपालिका सात वटै वडाहरुमा स्वच्छ खानेपानि सेवा प्रवाहका लागि खानेपानि योजनाको  मुहान देखि चुहान सम्म को पानि परिक्षण गरिने  र स्वच्छ खानेपानि  सेवा उपलब्ध गराईने छ।

९२ नेपाल सरकारले लिएको दिगो बिकास लक्ष्य पुरा गर्न रामारोशन गाउँपालिका  भित्रका सम्पुर्ण वडा टोल समुदाय तथा योजना क्षेत्र हरुमा पुर्ण सरसफाई का सम्पुर्ण क्रियाकलाप  सँचालन गरि जनताको  आधारभु जनस्वास्थ्य मा परिर्वतन गरिने छ।

### ङ) **सामाजिक सुरक्षा तथा पंजिकरण**

९३ सामाजिक सुरक्षा समवन्धि प्रचलित कानुन मापदण्ड नियमन गर्ने नीति अवलम्वन गरिने छ ।

९४ संघ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड वमोजिम सुरक्षा भत्ता सम्वन्धी कार्यक्रम कार्यन्वयन गर्ने नीति अवलम्वन गरिने छ ।

९५ स्थानिय सामाजिक सुरक्षा र व्यवस्थापन तथा आवश्यक तथ्याङ्क संकलन एवं व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने छ ।

९६ सामाजिक सुरक्षा भत्ता सेवा ग्राहिहरुलाई सजह वनाउन नविल वैङ्कको सहकार्यमा वडामै वितरण गरिने व्यवस्था अवलम्वन गरिने  छ ।

९७ सामाजिक सुरक्षा भत्ता प्रत्येक त्रैमासिकमा गाउँपालिकावाट गैरहेको तर वैङ्कवाट वितरण गर्न कठिनाई भई दुईटा त्रैमासिकको एकचोटी वितरण भैरहेकोले नविल वैङ्को सहकार्यमा प्रत्येक त्रैमासिकरुपमा वितरण गरिने नीति अवलम्वन गरिने  छ ।

९८ सामाजिक सुरक्षा भत्ता पाउने सेवा ग्राहीहरु वालवालिका वाहेक अन्य विभिन्न कारणले अछाम जिल्ला भन्दा वाहिर जिल्लामा  गई वसेका व्यक्तिलाई नजिकको नविल शाखा वैङ्कवाट भत्ता उपलव्ध गराउने नीति अवलम्वन गरिने  छ ।

९९ सामाजिक सुरक्षा भत्ता सम्वन्धि अनुगमन तथा निरिक्षण गरि  कोही नदोहोरिउन कोही, नछुटन भन्ने उदेश्यका साथ  पारदर्शि र व्यवस्थित वनाईने नीति अवलम्वन गरिने  छ ।

१००  सामाजिक सुरक्षा भत्ता  तथा व्यक्तिगत घटना दर्ता सम्वन्धि, गाउँपालिकामा एउटा र प्रत्येक वडामा एक-एक वटा गुनासो पेटिका राखेर  त्रैमासिक रुपमा गुनासो सुनुवाई गरिने छ ।

१०१ प्रत्येक वडामा ईन्टरनेटलाई व्यवस्थित गरि व्यक्तिगत घटना दर्ता गर्न आउने सेवाग्राहीहरुलाई छिटो र छरितो सेवा प्रवाह गरिने छ ।

१०२ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्वन्धी कर्मचारी र जनप्रतिनिधिहरुलाई क्षमता अभिवृध्दिको लागी तातिमको व्यस्थापन गरिने छ ।

**राजश्व तर्फः**

१०३ सम्पति कर,घरवहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर,सेवा शुल्क दस्तुर,पर्यटन शुल्क,विज्ञापन कर,भुमि कर, मनोरञ्जन कर, वहाल विटौरी कर, घरजग्गा कर, प्रकृतिक श्रोतसाधन,व्यवसायिक कर व्यवस्थित गर्ने नीति अवलम्वध नगरिने छ ।

१०४ रामारोशन गाउँपालिका क्षेत्र भित्र रावश्वका दर अन्य शुल्क निर्धारण ,संघीय र प्रदेश कानुन वमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी संङ्कलन, समन्वय र नियमन गर्ने नीति अवलम्वन गरिनेछ ।

१०५ स्थानिय पूर्वानधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर नीति कानुन मापदण्ड नियमन शुल्क निर्धारण संकलन तथा व्यवस्थापन सम्वन्धी नीति अवलम्वन गरिने छ ।

१०६ राजश्वको सम्भाव्यता अध्ययन गर्ने नीति अवलम्वन गरिने छ ।

१०७ आधारभुत करका दरहरुलाई यथावत राखी सोक को दायरा फराकीलो वनाउदै स्थानिय कर प्रणाली वैज्ञानिक व्यवस्थित, पारदर्शी र समृध्द तुल्याउने नीति अवलम्वन गरिने छ ।

**<u>आर्थिक विकास तर्फः</u>**

**<u>कृषि तथा पशुपालनः आधुनिकिकरण, व्यवशायिकरण र बजारिकरण</u>**

**क) कृषि तर्फ**

१०८ अनुदानलाई उत्पादनमुलक वनाउनको लागी उत्पादन साथमा अनुदान हातमा भन्ने निति अवलम्वन गरिनेछ ।

१०९ अध्यक्ष तथा उपाध्यक्ष कृषि प्रविधि हस्तन्तरण कार्यक्रमलाई अगाडी बढाइनेछ।

११० सहकारी क्षेत्रको प्रभावकारी नियमन, व्यवसायिकरण र गुणस्तर विकास र प्रविधिमैत्री, कृषिजन्य वस्तु मल, बिउ, कृषि यन्त्र, उपकरण आदि सहकारी संघ संस्था मार्फत बिक्री वितरण, सहकारी पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने कार्याक्रम संचालन गरिने छ ।

१११ कृषि समुह, सहकारी,फर्म र उद्यमिलाई उद्योग संग जोड्नको लागि उत्पादन परिमाणको आधारमा अनुदान दिने ब्याबस्था गरिने छ ।

११२ सम्भावनाको अध्यन गरी एक वडा एक उत्पादन कार्यक्रम प्रारम्भ गरिनेछ ।

११३ गाउँपालिका क्षेत्र भित्र आलु तथा तरकारी बालिको क्षेत्र बिस्तार गरिनेछ ।

११४ पोषण अवस्थामा सुधार ल्याउनका लागि गाँउपालिका भित्रका सुनौला हजार दिनका घरधुरीमा करेशाबारी स्थापना गर्ने निति लिइनेछ ।

११५  कृषि पेशालाइ सम्मानित प्रतिशप्रधि र व्यवसायिक बनाइनेछ

११६  लोप उन्मुख स्थानीय बालीका जात संरक्षरका कार्यक्रमलाई अगाडी बढाईनेछ ।

११७  प्राङ्गारिक कृषि प्राणाली  अबलम्बन गर्न बिशेष जोड दिइनेछ ।

११८  तुलानात्मक लाभ दिन सक्ने स्थानीय बालीनाली तथा रैथाने बाली संरक्षण ,आधारभुत खाद्य वस्तुको  उत्पादनमा आत्मानिर्भरता हुन सक्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ

११९  हिउदे तथा बर्षे नमुना फलफुल बगैंचा स्थापना कार्यक्रममा जोड दिईनेछ ।

१२०  अगुवा कृषक तथा  किसान-किसान कृषि प्रसार परिचालन कार्यक्रम संचालनमा विषेश जोड दिइनेछ ।

१२१  कृषि उत्पादन, प्रशोधन,व्यावस्थापन, बजारीकरण तथा प्राविधिक सेवा आदिमा प्रोत्साहन, प्राविधिक सेवा  प्रवधि प्रयोगमा प्रोत्साहन को ब्याबस्था गरिने छ ।

१२२  दिगो र जलवायु मैत्री कृषिको विकास बाढी, पहिरो,हावाहुरी , असिना, डुबान, खडेरी आदि प्राकृतिक  प्रकोपबाट प्रभावित किसानहरुलाई लक्षित गरी राहत तथा जिविकोपार्जन सहयोग कार्यक्रम संचालन गरिने छ ।

१२३  वीउ उत्पादन , ग्रेडिङ्ग, प्याकेजिङ्ग  तथा वीउ भण्डारण ,प्रसोधन ,वजारिकरणका कार्यक्रमलाइ अगाडी वढाइनेछ ।

१२४  स्थानीय उत्पादन, पुजि र प्रविधिलाई प्राथमिकता दिइ कृषिमा आधुनिकिकरण र व्यवशायिकरणको निति अवलम्बन गरिनेछ ।

**ख) पशु विकास तर्फ**

१२५  मासु आत्मनिर्भरका लागि बाख्रा प्रवर्द्धन तथा बजारीकरण गरिने छ ।

१२६  पशुमा पोषण सुधारका लागि चरन विकासका कार्यहरु गरिने छ ।

१२७  गाई, भैसि, बाख्रमा नस्ल सुधारका लागि कृतिम गर्भाधान (A.I.) मिसन कार्यक्रम लागु हुनेछ ।

१२८  पशुपंक्षिमा लाग्ने रोग तथा परजिवि उपचारका लागि औषधि वितरण गरिने छ ।

१२९  अनुदानका कार्यक्रमलाई प्रथामिकता दिईने छ ।

१३०  वडागत रुपमा पशुपंक्षि शिविर सञ्चालन गरिने छ ।

१३१  भेडा बाख्रामा लाग्ने P.P.R. रोग विरुद्धको खोप लगाईने छ ।

१३२  पशुपंक्षि सम्बन्धि तालिम सञ्चालन गरिने छ ।

१३३  पशुपंक्षि विमा लागु गरिने छ ।

१३४  कुकुरलाई रेविज रोग विरुद्धको खोप लगाईने छ ।

**ग) उद्यम विकास तर्फ**

१३५  लघु उधम सम्मानित नाफामुलक व्यवसायमा रुपान्तरण गरिनेछ।

१३६  लघु उधमीहरुको क्षमता विकासका लागि आवश्यक तालिमको व्यस्था गरीनेछ ।

१३७ लघु उधमीहरुलाई बिशेष अनुदानको व्यवस्था गरिनेछ ।

१३८ सम्पुर्ण वडामा उधम विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९ पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

१४० उधमिहरुलाई बजारिकरणका पुर्वाधारहरु तयार गरिनेछ ।

१४१ लघु उधम ब्यवसाय सम्बन्धि उधमिलाई प्रविधि हस्तान्तण गरिनेछ।

१४२ वितिय सेवामा पहुँज र बजार बजारीकरण सम्बन्धि अन्तरक्रिया कार्यक्रम गरिनेछ

**घ) सहकारी**

१४३ सहकारी संस्था सम्वन्धी सहकारी ऐन २०७५ संशोधन २०७८ को आधारमा स्थानिय नियमावली, कार्यविधि,कार्यान्वय र नियमन गर्ने नीति अवलम्वन गरिने छ ।

१४४ सहकारी वचत तथा ऋण परिचालन सम्वन्धी स्थानिय मापदण्ड निर्धारण र नियमन गर्ने नीति अवलम्वन गरिने छ ।

१४५ सहकारी संस्था सम्वन्धी, केन्द्रीय , प्रादेशिक र स्थानिय सरकार संग सम्वन्वय र सहकार्य गर्ने नीति अवलम्वन गरिने छ ।

१४६ सहकारी संस्था सम्वन्धी स्थानिय तथ्याङ्क व्यवस्थापन, अध्ययन ,अनुसन्धान, नियमन तथा सुपरिवेक्षण गर्ने नीति अवलम्वन गरिने छ ।

१४७ रामारोशन गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरुको क्षमता अभिवृध्दी, प्रवर्ध्दन, विकास र परिचालन गर्ने नीति अवलम्वन गरिने छ ।

**ङ) पर्यटन सम्बन्धमाः**

१४८ नेपाल सरकार र प्रदेश सरकारसंग समन्वय गरि रामारोशनलाई सुदुरपश्चिमको प्रमुख प्रयटकिय गन्तव्यको रुपमा स्थापित गर्न पहल गरिनेछ ।

१४९ रामारोशन प्रयटकिय क्षेत्रको लागी आवासिय क्षेत्रसम्बन्धि समस्या दिर्घकालिन रुपमा हल गरिनेछ ।

१५० रामारोशन गाउँपालिकाको पर्यटन गुरुयोजना अनुसार आवश्यक कार्यको लागी समन्वय एवं पहल गरिनेछ ।

**च) प्रधानमन्त्री रोगजागर कार्यक्रम**

१५१ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५२ प्रधानमन्त्री रोजगार कार्यक्रमसंग साझेदारीको लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

**पुर्वाधार विकास तर्फः**

**क) उर्जा**

१५३ रामारोशन गाउपालिकामा बर्षेनि चटयाङपरि घाईते अपाङ्ग हुन नदिनका लागि बिज्ञको सहयोगमा अर्थिङको ब्यवस्था गरिने छ ।

१५४ रामारोशन गाउपालिकामा केन्द्रिय लाइन पुगिसकेको र बाकि रहेका वडामा बिस्तारको लागि समन्वय गरी अघाडी बढाइने छ ।

१५५ रामारोहन गाउपालिकामा यसै आ व मा सबस्टेशनको लागि पहल गरीनेछ ।

१५६ रामारोशन गाउपालिकामा रहेका सबै लघुजलबिधुत हरुको दिगोपनाको लागी मर्मतसम्भार ब्यवस्थापन गाउपालिका बाटै गर्नै ब्यवस्था मिलाईने छ ।

१५७ लघुजलबिधुतको आवश्यक जनशक्ति लाई छमता अभिबृधिको लागि तालिमको ब्यवस्था मिलाईने छ ।

१५८ उर्जा निति तयार गरि कार्यानवयनमा ल्याइने छ ।

१५९ २०८०।०८१ सम्म रामारोशन गाउपालिकालाई अध्यारो मुक्त गाउपालिका घोषणाको लागि काम अघाडि बढाइनेछ ।

**ख) भवन निर्माण तथा सहरी विकास**

१६० प्रशासकीय भवन, प्रहरी चौकी तथा वडा कार्यालयको भवन निर्माणको लागी संघ तथा प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

१६१ गाउँपालिका क्षेत्रभित्र संचालित ठुला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मुल्याङ्कन डि.पि.आर. र बायो इन्जिनियरिङ्गको प्रविधि अवलम्बन गर्दै लगिनेछ ।

१६२ गाउँपालिका भित्र गुरुयोजना निमार्ण गरी प्राथामिकका आधारमा विपद् व्यवश्थापनका योजनालाई अगाडी बढाईनेछ ।

१६३ गाँउपालिका भित्रका मुहानको पहिचान गरि Recharge tank निर्माण गरिने छ ।

१६४ अपाङ्ग बालमैत्रि भौतिक संरचनाहरू निर्माण गरिनेछ ।

१६५ काठे पुललाई विस्तापित गरि झोलुङ्गे पुल निर्माण गरिनेछ ।

१६६ वडा कार्यालय जोडने सबै सडकहरु स्तरोउन्नति गरिनेछ ।

१६७ जनताको सहजताको लागी सिचाई कुलोहरु निर्माण गरिनेछ ।पालिका भित्र निर्माण हुने आवासिय संरचनाहरू नक्सा पास प्रक्रिया द्वरा अगाडी बढाइनेछ ।

१६८ पालिका भित्र रहेका दक्ष तथा अदक्ष कामदारहरुलाई डर्कमी तालिमको व्यवस्था गरिनेछ । २३. १० लाख भन्दा माथीका योजनाहरु ठेक्का प्रणाली अगाडी बढाईनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फः**

**क) वातावरण संरक्षण तथा जलवायुपरिवर्तनः**

१६९ गाउपालिकाले जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनका क्रियाकलापलाई एकीकृत गरी ब्यव्थित रुपमा अभिलेख गरी जोखिम न्यूनीकरण तथा रोकथामका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७० जलवायु परिवतर्नका असरबाट बच्न र रोकथामका लागी एकिकृत रुपमा जलवायु उर्जा तथा वातावरणिय कार्यक्रम(CEE) लाई निरन्तरता दिईनेछ ।

१७१ जलवायु सङ्कटले उत्पन्न गरेको जोखिमबारे संवेदनशीलता जगाउन र क्षतिको पुनभर्रणका लागि CEE कार्यक्रम अन्तर्गत कार्वन ब्यापारका लागी सम्बन्धित निकायलाई पहल गरी पालिकाको आयश्रोतमा बृदि गरिनेछ।

१७२ जलवायुपरिवर्तन रोकथामका लागी सरकारी तथा गैरसरकारी निकायसंग समन्वय गर्दै "*रामारोशन ताल बचाउँ जिवन बचाउ"* अभियान शुरु गरिनेछ।

१७३ पालिका भरि पलास्टिकको झोलाको प्रयोगलाई न्युनिकरण गर्दै यसको प्रयोगमा पुर्णरुपमा प्रतिबन्द लगाईनेछ।

ख) **विपद व्यवस्थापन तर्फः**

१७४ विपत पूवर्तयारी, जोखिम आँकलन, जोखिम पूर्वचेतावनी विपद् प्रतिकार्यको तयारी तथा विपद् न्यूनीकरण र पुनलार्भका क्रियाकलापहरूमा जोड दिंदै विपत न्युनिकरण कार्ययोजना बनाई सोहि अनुरुप कार्य गरिनेछ।

१७५ विपद् व्यवस्थापनमा पालिकामा सर्वेक्षण गरी विपत पोर्टलमा ईन्ट्रि गरी सूचना प्रविधिको प्रयोगलाई बढाउँदै लगिनेछ।

१७६ हुनसक्ने बाढि पहिरो,आगलागी, वन डढेलो लगायतका घटना रोकथामका लागी एकिकृत रोकथाम तथा ब्यवस्थापन योजना निर्माण गरी कार्यक्रम संचालन गरिनेछ।

१७७ विपतबाट हुने क्षतिको अनुगमन गरी उचित राहातको ब्यवस्था मिलाईनेछ।

१७८ बिपत ब्यवस्थापनका लागी विभिन्न सचेतनामुलक तालिम गोष्ठी संचालन गरिनेछ।

१७९ एक द्वार विपत ब्यवस्थापन प्रणालीको विकाश गरिनेछ।

**ग) वन भुसंरक्षण तथा पोहोरमैला ब्यव्थापन**

१८० एक बयस्क ब्यात्ति एक रुख भन्नेनारालाई मुर्त रुप दिनका लागी बृक्षारोपण कार्यक्रम संचालन गर्नका लागी आवश्यक रकम ब्यवस्था मिलाईनेछ।

१८१ प्रत्यक सार्वजनिक कार्यालयभित्र बृक्षारोपण गरिनेछ।

१८२ नदि कटान तथा पहिरोलाई रोक्न प्रदेश सरकार,केन्द्र सरकार संग समन्वय गरी बृक्षारोपण,तार जाली तथा विशेष प्रकारको घास लगाईनेछ।

१८३ गाउँपालिकाका बिभिन्न स्थानहरुमा फोहोर ब्यवस्थापन तथा सरसफाई क्षेत्रको आवश्यकता पहिचान गरी फोहोर मैला ब्यवस्थापनका लगी डम्पिङसाईड र सार्वजनिक शौचालय निर्माणमा जोड दिईनेछ।

१८४ पालिका भरि पलास्टिकको झोलाको प्रयोगलाई न्युनिकरण गर्दैयसको प्रयोगमा पुर्णरुपमा प्रतिबन्द लगाईनेछ।

१८५ सडक निर्माण गर्दा समकको दुबै किनारामा वृक्षारोपण गर्ने निति लिईनेछ तथा Environment Management Plan-EMP बनाई कार्यान्वयनमा ल्याईने छ।

**संस्थागत विकास तथा सुशासन तर्फः**

क) **सुचना तथा प्रविधि तर्फः**

१८६ यस बर्ष गाउँपालिका र ७ वटा वडा कार्यालय,स्वास्थ्य चौकि,बिध्यालयमा ईन्टरनेट जडान गरिनेछ ।

१८७ एकिकृत सुचना प्रणली जडान गरिनेछ ।

**ख) सुशासन तथा सेवा प्रवाह तर्फः**

१८८ सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग सुनिश्चित गरिनेछ (इ- हाजिरि, अनलाईन राजस्व, दर्ता, चलानि र योजना) ।

१८९ जनशक्ति व्यवस्थापन गरिनेछ

१९० आवश्यक कानूनहरु निर्माण गरि कार्यान्वयन गरिनेछ,

१९१ उपभोक्ता समितिलाई उचित तालिम दिइ पारदर्शि र प्रभावकारी वनाइनेछ ।

१९२ बार्षिक खरिद योजना निर्माण गरि सार्वजनिक खरिदलाई प्रभावकारी र व्यवस्थित गरिनेछ,

१९३ राजस्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाईनेछ । विद्यमान कर प्रणालिमा पुनरावलोकन गरिनेछ, राजस्वको दायरा विस्तार गरिनेछ, सबै प्रकारका आर्थिक क्रियाकलापलाई औपचारिक प्रणालिमा आवद्ध गरिनेछ,

१९४ गाउँपालिकाको समग्र सेवा प्रवाह तथा विकास गतिविधि आम जनतासँग पुर्याउन पत्र पत्रिका रेडियो, टेलिभिजन कार्यक्रम संचालन गरिनेछ ।

१९५ राष्ट्रसेवक कर्मचारीहरुको कार्य क्षमता वृद्धि र विकासका लागि विभिन्न तालिमहरु सञ्चालन गरिनेछ,

१९६ सरकारि खर्चमा मितव्ययिता कायम गरिनेछ, आर्थिक प्रशासनलाई थप पारदर्शि, नतिजामुखि र सूचना प्रविधिमा आधारित बनाइनेछ।

१९७ महालेखा परिक्षकको कार्यालयले औल्याएका बेरुजुको समपरिक्षण तथा फछ्यौंट सम्बन्धि आवश्यक कार्य गरिनेछ ।

१९८ वित्तिय जोखिम न्यूनिकरणका लागि अर्ध वार्षिक रुपमा आन्तरिक लेखा परिक्षण गरिनेछ।

१९९ कार्यालयको चौमासिक रुपमा समिक्षा गरिनेछ ।

२०० संस्थागत सुशासन प्रवर्द्धनका लागि नियमानुसार सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण गरिनेछ ।

२०१ रामारोशन गाउँपालिकामा रहेका सार्वजनिक कार्यालयहरुमा सूचना अधिकारीको व्यवस्थापन गरि सूचना प्रवाहमा सरलता ल्याइनेछ ।

२०२ सूचनाको हक सम्बन्धि जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**ग) न्यायिक समिति**

२०३  न्यायिक समितिका पदाधिकारी र मेलमिलाप कर्ता एवं न्यायिक सचिवालयका कर्मचारीलाई उचित तालिम दिइ न्याय सम्पादनमा सिघ्रता र प्रभावकारिता कायम गरिनेछ ।

२०४  गाउँपालिकामा न्यायिक इजलासको व्यवस्था गरिनेछ ।

उल्लिखित सम्पुर्ण शैद्धान्तिक र नितिगत कुराहरुको कार्यान्वयनको लागी आ.व. २०७८/७९ को लागी निम्नानुसारको आय तथा व्यय हुने अनुमानित विवरण पेस गर्दछु ।

| आय तर्फ | | | |
|---|---|---|---|
| क्र.सं. | आय शिर्षक | रकम | कैफियत |
| १ | संघीय समानिकरण अनुदान | ९१६००००० | |
| २ | संघीय विशेष अनुदान | ५५००००० | |
| ३ | संघीय समपुरक अनुदान | ५०००००० | |
| | संघीय राजश्व | १००६६७००० | |
| | संघीय ससर्त अनुदान | २५४१०००००० | |
| | प्रदेश समानिकरण अनुदान | ७५२१००० | |
| | प्रदेश विशेष अनुदान | ३५००००० | |
| | प्रदेश ससर्त अनुदान | १४५५०००० | |
| | प्रदेश राजश्व | १९९८००० | |
| | स्थानीय राजश्व | ४०००००० | |
| | आन्तरिक स्रोत | २०००००० | |
| | | ४९०४३६००० | |

| सभाद्वारा विनियोजन गर्न मिल्ने कुल रकम | | | |
|---|---|---|---|
| क्र.सं. | बजेट स्रोत | रकम | कैफियत |
| १ | संघीय समानिकरण अनुदान | ९१६००००० | |
| २ | संघीय राजश्व | १००६६७००० | |
| ३ | प्रदेश समानिकरण अनुदान | ७५२१००० | |
| ४ | प्रदेश राजश्व | १९९८००० | |
| ५ | आन्तरिक राजश्व र आय | ६०००००० | |
| | जम्मा | २०७७८६००० | |

| अनिवार्य तथा आधारभुत दायित्व एवं खर्च |
|---|

| क्र.सं. | व्यय शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय सन्चालन तथा चालु खर्च | १०८६६५००० | राजश्व वाडफाँड र आन्तरिक स्रोत |
| २ | संघीय समपुरक साझेदारी | ५०००००० | समानिकरण संघ |
| ३ | स्याउले सोलार मिनिग्रिड भुक्तानी | ३५००००० | समानिकरण संघ |
| ४ | जग्गा प्राप्ति | ५०००००० | समानिकरण संघ |
| ५ | सडक सरसफाइ दायित्व | ३०००००० | समानिकरण संघ |
| ६ | नेरामावी अनुदान | १५००००० | समानिकरण |
| | जम्मा | १४०१६५००० | |
| | विनियोजन गर्न मिल्ने वाकि रकम | ८११२१००० | |

| शाखागत तथा वडागत वजेट सिलिङ्ग | | | |
|---|---|---|---|
| क्र.सं. | शिर्षक | रकम | कैफियत |
| १ | स्वास्थ्य शाखा | १५३००००० | |
| २ | शिक्षा शाखा | ३५०००००० | |
| ३ | महिला वालवालिका तथा ज्येना शाखा | २८००००० | |
| ४ | कृषि विकास इकाइ | ८००००० | |
| ५ | पशु सेवा इकाइ | ८००००० | |
| ६ | युवा तथा खेलकुद | १८००००० | |
| ७ | खानेपानि स्वच्छता तथा सरसफाइ इकाइ | ८००००० | |
| ८ | दलित शशक्तिकरण | १८००००० | |
| ९ | वन तथा वातावरण | ८००००० | |
| १० | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी | ८००००० | |

| | | | |
|---|---|---|---|
| ११ | एमएसएनपि कार्यक्रम | १०००००० | |
| १२ | न्यायिक समिति सम्बन्धित | २०००००० | |
| १३ | उर्जा इकाइ | ८००००० | |
| १४ | विपद व्यवस्थापन | १५००००० | |
| १५ | न्याय हेल्थ अनुदान | ५००००० | |
| १६ | उपाध्यक्ष शशक्तिकरण तथा पुर्वाधार विकास कार्यक्रम | १५००००० | |
| १७ | अध्यक्ष सरसफाइ तथा पुर्वाधार विकास कार्यक्रम | १५००००० | |
| १८ | प्राविधिक विद्यालय अनुदान | २३००००० | |
| १९ | वडा समिति मार्फत विनियोजन हुने | १०६००००० | |
| | जम्मा | ८२४००००० | अभाव हुने १३ लाख आन्तरिक स्रोतवाट व्यहोर्ने । |

नेपालको संविधानले तिन तहको राज्य संरचनालाइ आत्मसात गरि संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाइ आत्मसात गरेको छ । जनताको नजिकको सरकारको हिसावले जनताका अधिकतम समस्याको हल स्थानीय सरकारले गर्नु पर्ने र सिमित स्रोत र कमजोर आन्तरिक आयको कारण यस वर्ष कुनै नयाँ निति तथा योजना समावेस हुन सकेका छैनन । सिमित स्रोत र साधनबाट जनताको विकास र सुशासनको आकांक्षा परिपुर्तिको लागी नै जनताले हामीलाइ यो युगिन जिम्मेवारी सुम्पिएकोले यो निति तथा कार्यक्रम अनुमोदनको लागी यो सम्मानित सभालाइ अनुरोध गर्दछु ।

धन्यवाद ।

सिर्जना देवी बुढा

उपाध्यक्ष

रामारोशन गाउँपालिका